कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प:.सं. २०८२/०८३ (शिक्षा तथा खेलकुद शाखा)

च:.नं. ११६

मिति : २०८२/०७/२०

श्री कोहलपुर नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरू ,

कोहलपुर नगरपालिका, बाँके ।

विषय : प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कोहलपुर नगरपालिका, नगर शिक्षा समितिको मिति २०८२ कार्तिक १४ गते बसेको बैठकको निर्णय अनुसार कोहलपुर नगरपालिकाको आ. व. २०८२/०८३ को वित्तीय समानीकरण अनुदानतर्फ स्वीकृत **नमूना बाल विकास केन्द्र व्यवस्थापन कार्यक्रम** कार्यान्वयनका लागि विद्यालयबाट प्रस्ताव माग गर्ने निर्णय भएकाले सूचना जारी भएको मितिले ७ (सात) दिनभित्र आवश्यक प्रावधान तथा कागजात पुरा गरी यही मिति २०८२ कार्तिक ~~२२~~ २६ गतेभित्र यस शाखामा प्रस्ताव सहित निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । समय सीमा नाघेको तथा रीतपूर्वक आवश्यक कागजात नपुगेको निवेदन उपर कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

तपसिल : (कार्यक्रम)

१. नमूना बाल विकास केन्द्र व्यवस्थापन कार्यक्रम (४ वटा केन्द्रको लागि)

२. विनियोजित रकम प्रति केन्द्र रु. १५००००/- (अक्षेरूपी एक लाख पचास हजार रुपैयाँ मात्र)

**आवश्यक प्रावधानहरू :**

- विद्यालयको कभर लेटर सहितको प्रस्तावना पत्र
- कार्यक्रम माग सम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि
- पछिल्लो समयको सामाजिक परीक्षण प्रतिवेदन
- पछिल्लो समयको आर्थिक लेखापरीक्षणको प्रतिवेदन
- कार्यक्रमको खर्चको ब्रेकडाउन सहितको विवरण

रविलाल मिजार

वरिष्ठ शिक्षा अधिकृत

बोधार्थ :

श्री सूचना प्रविधि उपशाखा । (सूचना अपलोड गरी दिनुहुन )